संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

## प्रेस विज्ञप्ति - २०६५ फागुन ५

# मैना सुनुवारको हत्या भएको पाँच वर्षपछि पनि दण्डहीनता शान्ति प्रक्रियामा ठूलो तगारो

पूर्व शाही नेपाली सेनाका सदस्यहरूद्वारा १५ वर्षीया मैना सुनुवारलाई यातना दिई हत्या गरिएको मङ्गलबार पाँच वर्ष पुग्दैछ। वि.सं. २०६४ असोजमा सर्वोच्च अदालतले अनुसन्धान गर्न प्रहरीलाई दिएको आदेश तथा मानवअधिकार समुदायले गरेको वर्षौंको वकालती कार्यका बाबजुद आरोपित पीडकहरूलाई अझै न्यायको कठघरामा ल्याइएको छैन। मैना सुनुवारको मुद्दामा भएको प्रगतिको अभाव वि.सं. २०५२ देखि २०६३ सम्म नेपालमा द्वन्द्वको क्रममा तथा त्यसपछि पनि घटेका मानवअधिकार उल्लङ्घनहरूका लागि जवाफदेहीतामा भएको समग्र अभावको प्रतीक हो।

मानवअधिकार उच्चायुक्तको कार्यालय-नेपाल मैना सुनुवारको हत्यामा जिम्मेवाहरूलाई न्यायको कठघरामा ल्याउन नेपाली सेनाले नेपाल प्रहरी तथा काभ्रे जिल्ला अदालतलाई पूर्ण रूपले सहयोग गर्ने कुरा सुनिश्चित गर्न पुन: एकपटक सरकारलाई प्रोत्साहन गर्दछ। यसमा सैनिक अदालतका कागजपत्रहरू बुझाउने तथा नेपाली सेनामा अद्यापि सेवारत आरोपित पीडकहरूमध्ये दुईजनालाई अनुसन्धानका लागि तथा सम्बद्ध अधिकारीद्वारा पक्राउका लागि उपलब्ध गराउने कुरा पर्छन्।

मैना सुनुवारको घटना एक व्यक्तिको यातना र हत्यासँग मात्र सम्बन्धित छैन। द्वन्द्वसँग सम्बन्धित हिंसामाथिको दण्डहीनताको निरन्तरताले राजनीतिक हिंसाका कारण कुनै परिणाम भोग्नुपर्दैन भन्ने सन्देश जान्छ र यसरी अहिले आफ्ना आपराधिक र राजनीतिक कार्यसूचीलाई अघि बढाउन हिंसाको प्रयोग गर्न खोज्नेहरूलाई साहस दिन्छ। दण्डहीनताको यो संस्कृति विगत तथा वर्तमान दुवै प्रकारका मानवअधिकार उल्लङ्घनहरूमा लागू हुन्छ। मैना सुनुवारका परिवार, धनुषाका पाँचजना विद्यार्थी, द्वन्द्वका क्रममा अपहरण गरी बेपत्ता पारिएका बर्दियाका सयौं व्यक्तिहरू तथा संविधानसभाको निर्वाचनभन्दा दुई दिनअघि दाङ जिल्लामा मारिएकाहरू एवं वीरेन्द्र साह र रामहरि श्रेष्ठलगायतका पछिल्ला पीडितका परिवारहरूलाई उत्तिकै न्याय भएको छैन। मानवअधिकार आयोगले यीमध्ये धेरै घटनामा सिफारिसहरू गरेको छ र तीमध्ये अधिकांश कार्यान्वयन गरिएका छैनन्।

यी घटनाहरूको अनुसन्धान गर्न र तिनलाई अभियोजन गर्न शीघ्ररूपमा कार्य गर्न, प्रहरी तथा सरकारी वकिलको कार्यालयसँग पर्याप्त मात्रामा संसाधन रहेको र तिनले सबै आवश्यक सहयोग प्राप्त गर्ने कुरा सुनिश्चित गर्न तथा मैना सुनुवारको घटनामा क्षतिपूर्तिका लागि गरिएको सिफारिसलगायत कार्यान्वयन नभएका आयोगका थुप्रै सिफारिसहरू कार्यान्वयन गर्ने नयाँ प्रतिबद्धता गर्न उच्चायुक्तको कार्यालय-नेपाल सरकारलाई प्रोत्साहन गर्दछ। यी प्रयासहरूमा सरकारलाई सहयोग गर्न उच्चायुक्तको कार्यालय-नेपाल तत्पर रहेको छ।

> "शान्ति प्रक्रिया सुरु भएयता नेपालले उल्लेखनीय फड्को मारिसकेको छ। तर, जवाफदेहीताको अभाव र मानवअधिकारका उल्लङ्घनकर्ताहरूलाई कानुनी शासनभित्र ल्याइँदैन भन्ने व्यापक रूपमा रहेको सोचाइले यस प्रक्रियाका हालसम्मका थुप्रै सफलताहरूलाई अवमूल्यन गर्ने खतरा रहेको छ," उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो। "मैना सुनुवारको घटनामा लगायत मानवअधिकारका उल्लङ्घनकर्ताहरूको सफल अभियोजनले समस्त नेपाली तथा विश्वसामु सरकार दिगो शान्ति तथा स्थिरताको अभिन्न अङ्गका रूपमा रहेको न्यायप्रति पूर्ण रूपले प्रतिबद्ध छ भन्ने देखाउने छ।"

**For further information contact Marty Logan, Tel.: 428 0164 (Ext.321); 98510.16922 (m) or mlogan@ohchr.org**